आज मिति २०८० साल वैशाख १३ गते बुधवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "अठारौं" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो।

## उपस्थिति :-

१, नगर प्रमुख श्री गुमान सिंह अर्याल
२, उप-प्रमुख श्री पद्मा गुरुङ
३, प्र. प्र. अधिकृत श्री इमनाथ कडेल
४, वडा अध्यक्ष (१) श्री दुर्गा वहादुर वुढाथोकी
५, —"— (२) श्री मदन वहादुर राना
६, —"— (३) श्री चित्र वहादुर दर्नाई
७, —"— (४) श्री राम वहादुर गुरुङ
८, —"— (५) श्री इन्द्र वहादुर गुरुङ
९, —"— (६) श्री प्रकाश थापा
१०, —"— (७) श्री रविराम बस्नेत
११, —"— (८) श्री पवित्रा थापा राना
१२, —"— (९) श्री खुशी जङ गुरुङ
१३, —"— (१०) श्री गंगा वहादुर थापा
१४, —"— (११) श्री शिव प्रसाद जोशी
१५, कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा
१६, —"— श्री श्रीनाथ दुलाल
१७, —"— श्री कल्पना थापा वोहरा
१८, —"— श्री विमला न्यौपाने अधिकारी
१९, —"— श्री सुक माया गुरुङ
२०, —"— श्री सुक माया घर्ती
२१, —"— श्री मनिता परियार

## सहजकर्ता कर्मचारी

२२, कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२३, अधिकृत श्री गोविन्द वहादुर रावत

गुमान सिंह अर्याल
नगर प्रमुख

# बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

*नगर कार्यपालिकाको मिति २०८० बैशाख १३ गतेको बैठकका प्रस्तावहरु*

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा ।
२. जेसिबी लिलाम बिक्री तथा नयाँ खरिद सम्बन्धमा ।
३. कृषि एम्बुलेन्स खरिद सम्बन्धमा ।
४. औषधी उपचार खर्च सम्बन्धमा ।
५. अघिल्लो बैठकको निर्णय संशोधन सम्बन्धमा ।
६. बार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।
७. सडक सूचारु गर्ने सम्बन्धमा (उदिपुर नयाँ ट्रयाक)
८. जिल्ला प्रशासन कार्यालय र लमजुङ जिल्ला अदालतको पत्र सम्बन्धमा ।
९. वडास्तरीय योजना संशोधन तथा ब्रेक डाउन सम्बन्धमा ।
१०. विविध
   - सिफारिशका साथ अनुरोध गर्ने सम्बन्धमा ।
     - आयुर्वेद स्वास्थ्य व्यवस्थापन अध्ययन अवलोकन सम्बन्धमा ।
     - पुरानोकोट गढी संरक्षण सम्बन्धमा ।
     - अध्ययन अवलोकन भ्रमण
   - व्यवस्थापन सहयोग सम्बन्धमा ।
   - शिक्षातर्फको सुधार योजना सम्बन्धमा ।

## पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ चैत २८ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस कार्यपालिका बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : जेसिबी लिलाम बिक्री तथा नयाँ खरिद सम्बन्धमा ।**

नगरपालिकामा मौजुदा रहेको जेसिबी पुरानो भएको तथा बार्षिक मर्मत खर्च १० लाख भन्दा बढी लाग्न थालेको र बिग्रिरहने समस्या बढ्दै गएकोले सो मेसिनबाट कार्यसम्पादन गर्न कठिनाई पर्दै गएको हुँदा नेपाल सरकारले जारी गरेको सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि २०७९ तथा नगरपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन समेतको आधारमा उक्त जेसिबी लिलाम बिक्रीको प्रक्रियामा लैजाने साथै नगरपालिकामा सडक तत्काल खुलाउन, पहिरो पन्छाउन तथा आकस्मिक/नियमित मर्मत सम्भारको लागि जेसिबीको आवश्यकता पर्ने हुँदा नयाँ जेसिबी खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ३ : कृषि एम्बुलेन्स खरिद सम्बन्धमा ।**

ग्रामीण क्षेत्रमा उत्पादन हुने तरकारीजन्य तथा अन्य कृषि उपजहरु सोही स्थानमा संकलन गरी बिक्री वितरणको लागि बजार क्षेत्रसम्म ल्याउने कार्यमा नगरपालिकाको तर्फबाट आवश्यक सहयोग पुऱ्याउन कृषि एम्बुलेन्स खरिद गर्न बजेट विनियोजन गरिएकोमा उक्त बजेट अपुग हुने देखिएको हुँदा संघीय समपुरकतर्फका आयोजनाहरुमा ठेक्का सम्झौता गर्दा सो शिर्षकमा बाँकी रहन गएको बजेटमध्येबाट रु. १५,००,०००।- (पन्ध्र लाख) थप गरी कृषि एम्बुलेन्स खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : औषधी उपचार खर्च सम्बन्धमा ।**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८" वमोजिम यस बेसीशहर नगरपालिकामा जम्मा ४८ जना मापदण्ड भित्रका दिर्घरोगीहरु पहिचान भई उक्त लाभग्राहीहरुलाई पेश भएको कागजात समेतका आधारमा २०७९ भाद्र महिनादेखि २०७९ माघ सम्मको मासिक रु. ५ हजारका दरले हुन आउने औषधी उपचार खर्च आन्तरिक कोषबाट उपलब्ध गराउने र भुक्तानी हुने कुल रकम रु १२ लाख २५ हजार सम्बन्धित निकायबाट शोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : अघिल्लो बैठकको निर्णय संशोधन सम्बन्धमा ।**

(क) नगर कार्यपालिकाको मिति २०७९।१२।२८ को बैठकको निर्णय नं ३ (४) मा मर्स्याङ्दी नदि तटबन्ध निर्माण बेनपा २ गैरीमुनिको लागि विनियोजित रकममा रु १०,०००००। (दश लाख) लेखिनुपर्नेमा रु. भुलवश १०००००।- (एक लाख मात्र) लेखिन गएको हुँदा सो आयोजनाको लागि रु. १०,०००००।- (दश लाख) विनियोजन भएको निर्णय गरियो ।

(ख सोही बैठकको निर्णय नं १२ घ मा नयाँ सूचीकृत हुन आउने व्यवसायीहरुलाई जरिबाना छुट गर्ने भन्ने भएकोमा नविकरण गर्न आउने समेतलाई जरिवाना छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : बार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आगामी आर्थिक बर्ष २०८०।०८१ को बार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा कानून वमोजिम तोकिएका योजना तर्जुमाका चरणहरु र नगरपालिकाको आवश्यकतानुसार अन्य परामर्श तथा समन्वयात्मक बैठक समेत राख्ने गरी कार्ययोजना तयार गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : सडक सुचारु गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ स्थित उदिपुर नयाँ ट्रयाक सडकको सुधार कार्य सम्पन्न गरी यातायात सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : जिल्ला प्रशासन कार्यालय र लमजुङ जिल्ला अदालतको पत्र सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं १३६ मिति २०७९।१२।२७ को प्राप्त पत्र समेतका आधारमा सो कार्यालयको भवनको ट्रस छाना जिर्ण भएको हुँदा लागत इष्टिमेट वमोजिम रु. १ लाख ५० हजार पुँजीगत



गुमान सिंह अर्याल
नगर प्रमुख

फुटकर शिर्षकबाट विनियोजन गर्ने साथै लमजुङ जिल्ला अदालतको च.नं १७७० मिति २०७९।११।२६ को प्राप्त पत्रानुसार एक थान फोटोकपि मेशिन खरिद गरी सो अदालतलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ : वडास्तरीय योजना संशोधन तथा ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा कार्यान्वयनको लागि छनौट भएका देहाय वमोजिमका वडास्तरीय आयोजनाहरु देहाय वमोजिम संशोधन/ब्रेक डाउन गर्ने निर्णय गरियो ।

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १. समग्र व्यवसायिक कृषि परियोजना बेनपा ३ | १०,००,००० | १. प्लाष्टिक टनेल वितरण बेनपा ६ ( नगरपालिकाको अनुदान मापदण्ड वमोजिम ५० % अनुदानमा ) | ६००००० |
| २.धितालगाउँ ठूलोपँधेरो खानेपानी मर्मत बेनपा २ | ५०००० | २.ओम शान्ति भवन निर्माण, बेनपा २ | ५०००० |

**निर्णय नं. १० : सिफारिशका साथ अनुरोध गर्ने सम्बन्धमा ।**

देहायका आयोजना तथा कार्यक्रमको लागि देहायका निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।
देहाय

१. आयुर्वेद स्वास्थ्य व्यवस्थापन स्तरोन्नति, बेसीशहर १०, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय पोखरामा अनुरोध गर्ने ।

२. पुरानोकोट गढी संरक्षण र प्रवर्द्धन बेसीशहर ४, पुरातत्व विभाग, रामशाहपथ, काठमाण्डौमा अनुरोध गर्ने ।

३. आयुर्वेद सेवा सञ्चालन सम्बन्धी अध्ययन अवलोकन भ्रमणका लागि धुलिखेल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय पोखरामा अनुरोध गर्ने ।

**निर्णय नं. ११ : व्यवस्थापन सहयोग सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालयको अगुवाईमा भएको राष्ट्रिय परिचय पत्र विवरण संकलन शिविरिमा खटिएका बास बस्नु पर्ने अवस्थाका कर्मचारीहरुको लागि खाना तथा बास खर्च नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : शिक्षातर्फको सुधार योजना सम्बन्धमा ।**

यस कार्यपालिका बैठकमा सामाजिक समितिका संयोजक एवम् वडाध्यक्ष श्री मदन बहादुर रानाबाट बेसीशहर नगरपालिकाको शैक्षिक सुधार मोडेलको सम्बन्धमा कार्यपत्र प्रस्तुतीकरण भई सबैलाई जानकारी भएको सन्दर्भमा यस सम्बन्धमा के कसरी अघि बढ्न सकिन्छ भन्ने बारेमा आगामी दिनमा थप छलफल गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख